राष्ट्रिय महत्वका आयोजनाहरुको आ.व.२०७८/७९ को

प्रगति विवरण

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

नतिजा व्यवस्थापन महाशाखा

(तत्काल समस्या समाधान केन्द्र)

सिंहदरबार, काठमाडौं

भाद्र, २०७९

नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
सिंहदरबार, काठमाडौं

१. पृष्ठभूमिः

रुपान्तरणकारी आयोजनाहरु, राष्ट्रिय गौरवका आयोजना तथा राष्ट्रिय प्राथमिकता प्राप्त आयोजनाहरुको कार्यान्वयनका क्रममा देखा परेका समस्याहरु तत्काल समाधान गरी तोकिएको समयमा नै सम्पन्न गर्न सहयोग पुर्‍याउने उदेश्यले प्रधानमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालयमा तत्काल समस्या समाधान केन्द्रको स्थापना भएको छ। यस केन्द्रले राष्ट्रिय गौरव तथा राष्ट्रिय प्राथमिकता प्राप्त आयोजनाहरुको कार्यान्वयनका क्रममा आइपर्ने समस्याहरुको अन्तर निकाय समन्वय समेतको आधारमा तत्काल समाधान गर्ने गरिआएको छ । राष्ट्रिय बजेटमा उल्लेखनीय हिस्सा ओगट्ने तथा महत्व राख्ने र विषय क्षेत्रगत नतिजा सूचक हासिल गर्न योगदान पुर्‍याउने विभिन्न आयोजनाहरुको कार्यान्वयनमा सहजीकरण गर्ने उद्देश्यले प्रधानमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालयबाट आर्थिक वर्ष २०७८/७९ मा राष्ट्रिय गौरवका २४, रुपान्तरणकारी १८ र अन्य राष्ट्रिय महत्वका २१ गरी कूल ६३ आयोजनाहरु छनौट भएका थिए । यी आयोजनाहरुलाई प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको अनलाइन अनुगमन प्रणालीमा आबद्ध गरी मासिक रुपमा प्रगति लिने कार्य हुँदै आएको थियो। देशको पूँजीगत बजेटको ठूलो हिस्सा ओगट्ने यी आयोजनाहरुले विकास, समृद्धि र सामाजिक रुपान्तरणको क्षेत्रमा उल्लेखनीय भूमिका खेलेको देखिन्छ ।

यस प्रतिवेदनमा प्रस्तुत तथ्याङ्क तथा विवरणहरु सम्बन्धित आयोजनाले एकीकृत अनलाइन प्रणालीमा प्रविष्टि गरेका विवरणहरुमा आधारित छन् । छनौट भएका ६३ आयोजना मध्ये माथिल्लो तामाकोशीका सम्पूर्ण कार्यहरु पूरा भइसकेकोमा ६० वटा आयोजनाले मात्र कार्ययोजना प्रविष्टि गरेका थिए । त्यसमा पनि ३९ वटा आयोजनाले मात्र वार्षिक रुपमा भौतिक तथा वित्तिय प्रगति प्रतिवेदन प्रविष्टि गरेको र क्रियाकलाप तथा माइलस्टोन प्रगति ५८ आयोजनाले प्रवष्टि गरेको हुँदा सोही अनुसारको विवरण यस प्रतिवेदनमा उल्लेख गरिएको ।

२. नियमित अनुगमन गर्न छानिएका आयोजनाहरुः

आर्थिक वर्ष २०७८/७९ मा नियमित प्रगति अनुगमनका लागि ६३ वटा आयोजनाहरु छानिएका थिए। यी आयोजनाहरु मध्ये सबैभन्दा धेरै पूर्वाधार क्षेत्र अन्तर्गतका ३६ आयोजना, कूल आयोजनाको ५७.१४% रहेका थिए। आर्थिक तथा सामाजिक क्षेत्र अन्तर्गत क्रमशः १४ वा २२.२२% र ९ वा १४.२८% आयोजना छनौटमा परेका थिए भने शासकीय सुधार अन्तर्गत मात्र ४ आयोजना वा कूल आयोजनाको ६.३४% छनौट भएका थिए।

यसरी छानिएका ६३ आयोजनामध्ये ६० आयोजनाहरुको अनुगमन प्रणालीमार्फत कार्ययोजना प्रविष्टि भएको थियो। राजमार्ग स्तरोन्नति तथा पुनर्स्थापना कार्यक्रम, र प्रदेश राजधानी जोड्ने राजमार्ग स्तरोनन्ती कार्यक्रम गरी कूल २ आयोजनाहरुले कार्ययोजना नै प्रविष्टि गरेका थिएनन् । त्यसैगरी माथिल्लो तामाकोशीको भने सम्पूर्ण त्रियाकलाप र माइलस्टोनका कार्यहरु पूरा भइसकेका छन् ।

वार्षिक कार्ययोजना प्रविष्टि गरेका ६० आयोजनाहरुमध्ये कुल ३९ आयोजनाहरुले मात्र भौतिक तथा वित्तिय प्रगति सहितको वार्षिक प्रगति प्रविष्टि गरेका छन्। यो प्रविष्टि गरिएको प्रगति छानिएका आयोजनाको कुल

नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सिंहदरबार, काठमाडौं

संख्यामा ६१.९% र कार्ययोजना प्रविष्टि गर्ने आयोजनामध्ये ६५% हुन आउँछ। त्यसैगरी कार्ययोजना प्रविष्टि गर्ने ६० आयोजनामध्ये ५८ आयोजनाहरुले वार्षिक क्रियाकलाप तथा माइलस्टोन प्रगति प्रविष्टि गरेका छन्।

२.१ छानिएका आयोजनाहरूको क्षेत्रगत विभाजनः

आर्थिक वर्ष २०७८/७९ मा कूल ६३ वटा आयोजनाहरु अनुगमनका लागि छानिएकोमा ती आयोजनाहरुलाई आर्थिक, सामाजिक, पूर्वाधार र शासकीय सुधार गरी ४ क्षेत्रमा विभाजन गरिएको थियो ।

यो विभाजनलाई तालिका नं १ मा देखाइएको छ ।

तालिका नं. १: आयोजनाहरुको क्षेत्रगत विभाजन

क्र.सं.	क्षेत्र आयोजना संख्या	आयोजना
१.	आर्थिक (१४ वटा)	गौतम बुद्ध अन्तर्राष्ट्रिय विमानस्थल, पोखरा क्षेत्रीय अन्तर्राष्ट्रिय विमानस्थल, निजगढ अन्तर्राष्ट्रिय विमानस्थल, पशुपति क्षेत्र विकास कोष, लुम्बिनी क्षेत्र विकास कोष, प्रधानमन्त्री कृषि आधुनिकीकरण कार्यक्रम, विशेष कृषि उत्पादन कार्यक्रम,कृषि अनुसन्धान कार्यक्रम, जग्गा प्रशासन सुदृढीकरण तथा अनौपचारिक भूसम्बन्ध व्यवस्थापन कार्यक्रम, स्थलगत नापी तथा भू-उपयोग व्यवस्थापन कार्यक्रम, सहकारी क्षेत्र सुदृढीकरण तथा प्रणाली सुधार कार्यक्रम, राष्ट्रपति चुरे संरक्षण कार्यक्रम, समृद्धिका लागि वन कार्यक्रम, औद्योगिक पूर्वाधार विकास कार्यक्रम (विशेष आर्थिक क्षेत्र समेत)
२.	सामाजिक (९ वटा)	राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम, व्यावसायिक शिक्षा तथा तालिम अभिवृद्धि योजना-दोस्रो, विद्यालय क्षेत्र विकास कार्यक्रम-केन्द्र स्तर, राष्ट्रपति महिला सशक्तिकरण परियोजना (उत्थान कार्यक्रम), प्रधानमन्त्री रोजगार कार्यक्रम, स्वास्थ्य बीमा बोर्ड, एकीकृत स्वास्थ्य पूर्वाधार विकास कार्यक्रम, स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम, कोभिड नियन्त्रण रोकथाम कार्यक्रम
३.	पूर्वाधार (३६ वटा)	मिलिनियम च्यालेन्ज, अपर अरुण जल विद्युत, सिक्टा सिंचाइ, भेरी-बबई डाइभर्सन बहुउद्देश्यीय, रानी जमरा कुलरिया सिंचाइ, बबई सिंचाइ, माथिल्लो तामाकोशी जलविद्युत, बुढीगण्डकी जलविद्युत, सुनकोशी मरिन डाईभर्सन, समृद्ध तराई मधेस विशेष कार्यक्रम, नेपाल भारत विद्युत प्रसारण आयोजना, महाकाली सिंचाइ आयोजना, हुलाकी राजमार्ग (पूलहरु समेत), पुष्पलाल(मध्य पहाडी) लोकमार्ग, रेल्वे,मेट्रो रेल तथा मोनोरेल विकास, उत्तर दक्षिण (कोशी कोरिडोर) लोकमार्ग, उत्तर दक्षिण (कालीगण्डकी कोरिडोर) लोकमार्ग, उत्तर दक्षिण (कर्णाली कोरिडोर) लोकमार्ग, मदन भण्डारी राजमार्ग, नागढुङ्गा सुरूङ्गमार्ग निर्माण, सासेक-मुग्लिङ्ग-पोखरा सडक, स्थानीय सडक पूल निर्माण, रणनीतिक सडक पूल निर्माण तथा पूल पुलेसा संरक्षण, राजमार्ग स्तरोन्नति तथा पुनर्स्थापना कार्यक्रम, क्षेत्रीय व्यापारिक मार्ग विस्तार, गल्छी त्रिशुली- मैलुङ्ग-स्याफ्रुबेशी रसुवागढी सडक, प्रदेश राजधानी जोड्ने राजमार्ग स्तरोन्नति कार्यक्रम, काठमाडौं तराई-मधेश द्रुतमार्ग, मेलम्ची खानेपानी, जलवायु अनुकूलित विशेष खानेपानी, बागमती सुधार आयोजना, नयाँ सहर आयोजना, क्षेत्रीय शहरी विकास कार्यक्रम, विशेष भवन निर्माण आयोजना, सघन शहरी विकास कार्यक्रम, राष्ट्रिय सूचना प्रविधि केन्द्र
४.	शासकीय सुधार (४ वटा)	राष्ट्रिय परिचय पत्र तथा घटना दर्ता कार्यकम, राष्ट्रिय विपद् जोखिम न्यूनीकरण कार्यक्रम, प्रादेशिक तथा स्थानीय सडक सुधार, स्थानीय तह प्रशासकीय भवन पूर्वाधार विकास कार्यक्रम

नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सिंहदरबार, काठमाडौं

३. आयोजनाहरुको प्रगति स्थितिः

अनुगनका लागि छानिएका ६३ आयोजनामध्ये १ आयोजना (माथिल्लो तामाकोशी आयोजना) सम्पन्न भई सकेको छ। बाँकी ६२ आयोजना मध्ये ६० आयोजनाले मात्र कार्ययोजना प्रविष्टि गरेका थिए भने २ वटा आयोजनाले कार्ययोजना नै प्रविष्टि गरेका थिएनन्। कार्ययोजना प्रविष्टि गर्ने ६० आयोजनामध्ये पनि २१ आयोजनाले भौतिक तथा वित्तिय प्रगति प्रविष्टि गरेका छैनन् । यसरी प्रगति प्रविष्टि नगर्ने २१ आयोजनाको नाम तालिका नं २ मा देखाइएको छ ।

तालिका नं. २: भौतिक तथा वित्तिय प्रगति प्रविष्टि नगर्ने आयोजना

पशुपति क्षेत्र विकास कोष	बबई सिंचाइ
जग्गा प्रशासन सुदृढिकरण तथा अनौपचारिक भूसम्बन्ध व्यवस्थापन कार्यक्रम	रणनीतिक सडक पुल निर्माण तथा पूल पुलेसा संरक्षण
औद्योगिक पूर्वाधार विकास कार्यक्रम	समृद्ध तराई मधेस विशेष कार्यक्रम
सहकारी क्षेत्र सुदृढीकरण तथा प्रणाली सुधार	जलवायु अनुकुलित विशेष खानेपानी आयोजना
एकीकृत स्वास्थ्य पूर्वाधार विकास कार्यक्रम	स्थानीय सडक पुल निर्माण
स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम	क्षेत्रीय व्यापारीक मार्ग विस्तार
कोभिड नियन्त्रण रोकथाम कार्यक्रम	मेलम्ची खानेपानी आयोजना
राष्ट्रिय विपद् जोखिम न्यूनीकरण कार्यक्रम	बागमती सुधार आयोजना
प्रादेशिक तथा स्थानीय सडक सुधार	क्षेत्रीय शहरी विकास कार्यक्रम
स्थानीय तह प्रशासकीय भवन पूर्वाधार विकास कार्यक्रम	सघन शहरी विकास कार्यक्रम
	मिलिनियम च्यालेन्ज एकाउन्ट नेपाल

यसरी प्रगति प्रविष्टि नगर्ने आयोजनाहरुमा सामाजिक र शासकीय सुधार क्षेत्रका ३/३, आर्थिक क्षेत्रका ४ तथा पूर्वाधार क्षेत्रका ११ आयोजनाहरु रहेका छन् ।

३.१ छानिएका आयोजनाहरुको वार्षिक प्रगतिः

कार्ययोजना प्रविष्टि गर्ने आयोजनाहरुमध्ये भौतिक तथा वित्तिय प्रगति प्रविष्टि गर्ने ३९ आयोजनाहरुको वार्षिक तथा हालसम्मको कूल भौतिक तथा वित्तिय प्रगति तालिका नं. ३ मा देहायबमोजिम देखाइएको छ।

तालिका नं. ३: भौतिक तथा वित्तिय प्रगति विवरण

क्र. सं.	आयोजना	वार्षिक		वार्षिक लक्ष्यमा वार्षिक प्रगति		आयोजनाको कूल लक्ष्यको तुलनामा प्रगति	
		भौतिक लक्ष्य (%)	वित्तीय लक्ष्य (%)	भौतिक प्रगति(%)	बित्तीय प्रगति(%)	भौतिक प्रगति(%)	बित्तीय प्रगति(%)
१.	अपर अरुण	१००	१००	३९.०१	३७.९३	०.९४९	०.९४
२.	उत्तर दक्षिण (कर्णाली)	१००	१००	८०	८०	३०	३०

३.	उत्तर दक्षिण (कालिगण्डकी कोरिडोर) लोकमार्ग, जोमसोम	१००	१००	८६	७८	७२	६८
४.	उत्तर दक्षिण (कोशी) लोकमार्ग	१००	१००	९०	८४.४१	४५	३६.६९
५.	काठमाण्डौ तराई मधेस द्रुतमार्ग	१००	१००	९९.८९	९९.६१	२१.१८	१९.५८
६.	कृषि अनुसन्धान कार्यक्रम	१००	१००	७४.५७	८१.६९	७४.५७	८१.६९
७.	गल्छी त्रिशुली मैलुंग स्यफ्रुबेन्शी रसुवागढी सडक आयोजना	१००	१००	९०	८७.८२	५२.१५	५२.१
८.	गौतम बुद्ध अन्तरार्ष्ट्रिय विमानस्थल	१००	१००	९७.३३	७७	६६.६३	३७.८३
९.	नयाँ सहर विकास आयोजना	१००	१००	९७.४४	६५.७९	२४.६१	२५
१०.	नागढुंगा सुरुंगमार्ग निर्माण	१००	१००	८०	८०	४३	४८
११.	निजगढ अन्तरार्ष्ट्रिय विमानस्थल	०	०	०	१५.२९	०	०
१२.	नेपाल भारत विद्युत प्रशारण आयोजना	१००	१००	७७	४८	७७.९९	७५.१४
१३.	पुष्पलाल (मध्य पहाडी) लोकमार्ग	१००	१००	६०.२५	८२.१४	६४.१६	६९.७९
१४.	पोखरा क्षेत्रीय अन्तरार्ष्ट्रिय विमानस्थल	१००	१००	९८	७४.८१	९८	७४.८१
१५.	प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना	१००	१००	८३	७९.७७	८३	७९.७७
१६.	प्रधानमन्त्री रोजगार कार्यक्रम	१००	१००	७५.७६	६७.३२	७५.७६	६७.३२
१७.	बिद्यालय क्षेत्र विकास कार्यक्रम - केन्द्र स्तर (क) शिक्षा तथा मानव स्रोत विकास केन्द्र	१००	१००	९७	५८	९७	५८
१८.	विशेष कृषि उत्पादन कार्यक्रम	१००	१००	५४.६	९९.९६	५४.६	९९.९६
१९.	विशेष भवन निर्माण आयोजना	१००	१००	९२	७४.०२	७९.७	६१.८
२०.	बुढीगण्डकी जलविद्युत आयोजना	१००	१००	९७.९६	९७.९७	८५.५५	६८
२१.	भेरी-बबई डाइभर्सन बहुउद्देश्यीय आयोजना	१००	१००	८०.७	७२.०६	५७	४१.९२
२२.	मदन भण्डारी राजमार्ग	१००	१००	९७	९६.६	३७	३७

नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
सिंहदरबार, काठमाडौं

२३.	महाकाली सिंचाइ आयोजना	१००	१००	७८	७६.२७	१५.७३	१५.४३
२४.	रानी जमरा कुलरिया सिंचाई आयोजना	१००	१००	७२	६९.१३	५८.५	५८.५
२५.	राष्ट्रपति चुरे संरक्षण कार्यक्रम	१००	१००	९०.७५	८३.०४	४.९९४	४.८४
२६.	राष्ट्रपति महिला सशक्तिकरण कार्यक्रम (उत्थान कार्यक्रम)	१००	१००	९८.३६	८२.९५	९८.३६	८२.९५
२७.	राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम	१००	१००	७५	५३	७५	५३
२८.	राष्ट्रिय परिचयपत्र तथा घटना दर्ता कार्यक्रम - राष्ट्रिय परिचय पत्र	१००	१००	१००	१००	७७	७२.०४
२९.	राष्ट्रिय सूचना प्रविधि केन्द्र	१००	१००	५५	६०	४०	४५
३०.	रेल, मेट्रोरेल तथा मोनोरेल विकास आयोजना	१००	१००	४६.१५	५०	३८.५	३८.५
३१.	लुम्बीनी क्षेत्र विकास कोष	१००	१००	९९.५८	९९.९२	८७	९३.६
३२.	व्यावसायिक शिक्षा तथा तालीम अभिवृद्धि योजना-दोस्रो	१००	१००	८२	५४	८५	७०
३३.	स्थलगत नापी तथा भू-उपयोग व्यवस्थापन कार्यक्रम	१००	१००	९०.७९	९२.९७	९०.७९	९२.९७
३४.	समृद्धिका लागि बन कार्यक्रम	१००	१००	७०	६०.६१	७०	६०.६१
३५.	सासेक-मुंग्लिंग पोखरा सडक	१००	१००	३०	२४	३.७८३	२४.८
३६.	सिक्टा सिंचाई आयोजना	१००	१००	७५.९३	७७.७३	७३.५	७५.९३
३७.	सुनकोशी मरिन डाइभर्सन आयोजना	१००	१००	१७.१५	३३.६८	७.६	७.५७
३८.	स्वास्थ्य बिमा बोर्ड	१००	१००	९९.०७	८६.५७	५८.८२	९८.१७
३९.	हुलाकी राजमार्ग	१००	१००	१००	१००	८१.१२	८०.०३

यसरी वार्षिक प्रगति प्रविष्टि गर्ने आयोजनाहरुमा राष्ट्रिय परिचयपत्र तथा घटना दर्ता कार्यक्रम-राष्ट्रिय परिचय पत्र र हुलाकी राजमार्गको भौतिक प्रगति शत प्रतिशत देखिएको छ भने काठमाण्डौं तराई मधेस द्रुतमार्ग, लुम्बिनी क्षेत्र विकास कोष, र स्वास्थ्य बिमा बोर्डको भौतिक प्रगति ९९% भन्दा माथि देखिएको छ । निजगढ अन्तर्राष्ट्रिय विमानस्थलको भौतिक प्रगति भने शुन्य देखिन्छ ।

नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
सिंहदरबार, काठमाडौं

३.२ आयोजनाहरुको वार्षिक लक्ष्यको तुलनामा भौतिक प्रगति स्थिति:

भौतिक तथा वित्तिय प्रगति प्रविष्टि गर्ने ३९ आयोजनाहरुले गरेको भौतिक प्रगतिका आधारमा आयोजनाहरुलाई वार्षिक लक्ष्य तथा कूल लक्ष्यको तुलनामा गरिएको वर्गीकरण तालिका नं. ४ मा देखाइएको छ ।

तालिका नं. ४: भौतिक प्रगतिका आधारमा आयोजनाको वर्गीकरण

वार्षिक लक्ष्यको तुलनामा	**आयोजना संख्या**
८०% भन्दा बढी प्रगति गर्ने आयोजना	२१
५०-८०% प्रगति गर्ने आयोजना	१३
५०% भन्दा कम प्रगति गर्ने आयोजना	५
कार्ययोजना प्रविष्टि गर्ने तर समष्टीगत प्रगति नराख्ने आयोजनाहरु	२१
कार्ययोजना प्रविष्टि नगर्ने आयोजनाहरु	२ राजमार्ग स्तरोन्नति तथा पुनर्स्थापना कार्यक्रम, प्रदेश राजधानी जोड्ने राजमार्ग स्तरोन्नति कार्यक्रम
आयोजनाको कूल लक्ष्यको तुलनामा	**आयोजना संख्या**
१००% प्रगति हासिल गरेका आयोजना	१ माथिल्लो तामाकोशी आयोजना
८०-९९% प्रगति गर्ने आयोजना	९
५०-८०% प्रगति गर्ने आयोजना	१६
५०% भन्दा कम प्रगति गर्ने आयोजना	१४

प्राप्त प्रगति अनुसार आषाढ महिनासम्मको लक्ष्यको तुलनामा कुल २१ वटा आयोजनाको ८०% भन्दा माथिको भौतिक प्रगति रहेको छ भने १३ आयोजनाको प्रगति ५०-८०% रहेको छ ।त्यसैगरी अपर अरुण, निजगढ अन्तर्राष्ट्रिय विमानस्थल, सासेक-मुंग्लिगं पोखरा सडक, सुनकोशी मरिन डाइभर्सन आयोजना र रेल, मेट्रोरेल तथा मोनोरेल विकास आयोजना गरी जम्मा ५ वटा आयोजनाहरुको भौतिक प्रगति भने ५०% भन्दा कम रहेको पाइएको छ ।

त्यसैगरी आयोजनाको कूल लक्ष्यको तुलनामा जम्मा ९ वटा आयोजनाको भौतिक प्रगति ८०% भन्दा माथि रहेको छ जसमा पोखरा क्षेत्रीय अन्तर्राष्ट्रिय विमानस्थल, प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना, विद्यालय क्षेत्र विकास कार्यक्रम, बुढीगण्डकी जलविद्युत आयोजना, राष्ट्रपति महिला सशक्तिकरण कार्यक्रम, लुम्बिनी क्षेत्र विकास कोष, व्यावसायिक शिक्षा तथा तालिम अभिवृद्धि योजना, स्थलगत नापी तथा भू-उपयोग व्यवस्थापन कार्यक्रम र हुलाकी राजमार्ग रहेका छन् । जम्मा १६ आयोजनाले आयोजनाको कुल लक्ष्यको तुलनामा ५०-८०% हासिल गरेका छन् भने १४ आयोजनाको भौतिक प्रगति ५०% भन्दा पनि कम रहेको देखिएको छ ।

नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
सिंहदरबार, काठमाडौं

३.३ आयोजनाहरुको वार्षिक क्रियाकलाप स्थितिः

अनुगमनका लागि छानिएका ६३ आयोजनाहरुमध्ये कुल ५८ आयोजनाहरुले वार्षिक क्रियाकलापको प्रगति स्थिति प्रविष्टि गरेका थिए । माथिल्लो तामाकोशी आयोजनाका सम्पूर्ण क्रियाकलाप तथा माइलस्टोनहरु सम्पन्न भइसकेको अवस्थामा अन्य ४ आयोजनाहरुले क्रियाकलाप तथा माइलस्टोन प्रगति प्रविष्टि गरेका छैनन् ।प्रगति प्रविष्टि गर्ने आयोजनाहरुको कार्य सुरु नभएका, काम भइरहेका र सम्पन्न क्रियाकलापहरुको संख्या देहायबमोजिम तालिका नं. ५ मा प्रस्तुत गरिएको छ ।

तालिका नं. ५: वार्षिक क्रियाकलाप स्थिति

	आयोजना	कुल क्रियाकलाप संख्या	कार्य सुरु नभएको	काम भइरहेको	सम्पन्न
कुल	५८	४१५	५६	२२३	१३६
प्रतिशत			१३.५	५३.७	३२.८

३.४ आयोजनाहरुको वार्षिक माइलस्टोन स्थितिः

कार्ययोजना प्रविष्टि गर्ने ६० आयोजनाहरुमा ५८ आयोजनाहरुले वार्षिक माइलस्टोनको प्रगति स्थिति प्रविष्टि गरेका थिए । ती आयोजनाहरुका आर्थिक वर्ष २०७८/७९ मा सम्पन्न गर्नुपर्ने कूल ८७१ वटा माइलस्टोनहरु रहेकोमा जम्मा ३४१ वटा सम्पन्न भएका छन् ।यसरी सम्पन्न भएका माइलस्टोनहरुमध्ये पनि आषाढ महिनामा मात्रै ३४.३% माइलस्टोनहरु सम्पन्न भएका छन् । कूल माइलस्टोनलाई सम्पन्न, चालू र सुरु नभएका स्थितिमा वर्गीकरण गरी निम्न बमोजिम तालिका नं. ६ मा प्रस्तुत गरिएको छ ।

तालिका नं. ६: आयोजनाहरुको वार्षिक माइलस्टोन स्थिति

	आयोजना	कूल माइलस्टोन संख्या	आषाढ मसान्तसम्म सम्पन्न	आषाढमहिनासम्म सम्पन्न हुनुपर्ने मध्ये काम भैरहेका	आषाढ महिनासम्म सम्पन्न हुनुपर्नेमध्ये सुरु नभएका
कुल	५८	८७१	३४१	३५९	१७१
प्रतिशत			३९.१५	४१.२	१९.६५

४. ठेक्काको स्थितिः

आयोजनाहरुले आफूले लिएका लक्ष्य पूरा गर्नका निमित्त विभिन्न क्रियाकलापको ठेक्का लगाउने गर्दछन् र सोही अनुसार तोकेको समयमा माइलस्टोन हासिल गर्ने गर्दछन् ।

भौतिक तथा वित्तिय प्रगति प्रविष्टि गर्ने ३९ आयोजनाहरुको, लक्ष्यको तुलनामा वार्षिक रुपमा लागेको ठेक्काको विवरण तालिका नं. ७ मा प्रस्तुत गरिएको छ ।

नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सिंहदरबार, काठमाडौं

तालिका नं. ७: आयोजनाहरुको वार्षिक ठेक्का स्थिति

क्र.सं	आयोजना	वार्षिक रुपमा लाग्नुपर्ने ठेक्का संख्या	वार्षिक रुपमा लागेको ठेक्का संख्या
१.	अपर अरुण	१	०
२.	उत्तर दक्षिण (कर्णाली)	११	०
३.	उत्तर दक्षिण (कालिगण्डकी कोरिडोर) लोकमार्ग, जोमसोम	९	०
४.	उत्तर दक्षिण (कोशी) लोकमार्ग	५	०
५.	काठमाण्डौ तराई मधेस द्रुतमार्ग	७	०
६.	कृषि अनुसन्धान कार्यक्रम	०	०
७.	गल्छी त्रिशुली मैलुंग स्यफ्रुबेन्शी रसुवागढी सडक आयोजना	६	१
८.	गौतम बुद्ध अन्तराष्ट्रिय विमानस्थल	०.५	०
९.	नयाँ सहर विकास आयोजना	०	०
१०.	नागढुंगा सुरुंगमार्ग निर्माण	०	२
११.	निजगढ अन्तराष्ट्रिय विमानस्थल	०	०
१२.	नेपाल भारत विद्युत प्रशारण आयोजना	०	०
१३.	पुष्पलाल (मध्य पहाडी) लोकमार्ग	०	०
१४.	पोखरा क्षेत्रीय अन्तराष्ट्रिय विमानस्थल	०	०
१५.	प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना	०	०
१६.	प्रधानमन्त्री रोजगार कार्यक्रम	१०	४
१७.	बिद्यालय क्षेत्र विकास कार्यक्रम -केन्द्र स्तर (क) शिक्षा तथा मानव स्रोत विकास केन्द्र	०	०
१८.	विशेष कृषि उत्पादन कार्यक्रम	०	०
१९.	विशेष भवन निर्माण आयोजना	०	०
२०.	बुढीगण्डकी जलविद्युत आयोजना	०	०
२१.	भेरी-बबई डाइभर्सन बहुउद्देश्यीय आयोजना	७४	९५

नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
सिंहदरबार, काठमाडौं

२२.	मदन भण्डारी राजमार्ग	१	०
२३.	महाकाली सिंचाइ आयोजना	३	२
२४.	रानी जमरा कुलरिया सिंचाई आयोजना	०	१
२५.	राष्ट्रपति चुरे संरक्षण कार्यक्रम	०	०
२६.	राष्ट्रपति महिला सशक्तिकरण कार्यक्रम (उत्थान कार्यक्रम)	०	०
२७.	राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम	०	०
२८.	राष्ट्रिय परिचयपत्र तथा घटना दर्ता कार्यक्रम - राष्ट्रिय परिचय पत्र	०	०
२९.	राष्ट्रिय सूचना प्रबिधि केन्द्र	१५	१०
३०.	रेल, मेट्रोरेल तथा मोनोरेल विकास आयोजना	४	०
३१.	लुम्बीनी क्षेत्र विकास कोष	४	७
३२.	व्यावसायिक शिक्षा तथा तालीम अभिवृद्धि योजना-दोस्रो	०	०
३३.	स्थलगत नापी तथा भू-उपयोग व्यवस्थापन कार्यक्रम	०	०
३४.	समृद्धिका लागि बन कार्यक्रम	०	०
३५.	सासेक-मुंग्लिंग पोखरा सडक	०	०
३६.	सिक्टा सिंचाई आयोजना	१०	०
३७.	सुनकोशी मरिन डाइभर्सन आयोजना	०	०
३८.	स्वास्थ्य बिमा बोर्ड	०	०
३९.	हुलाकी राजमार्ग	०	०
	कुल	१६०.५	१२२

आषाढ महिनासम्ममा कुल लाग्नुपर्ने १६०.५ ठेक्कामा जम्मा १२२ वटा ठेक्का लागेको छ जुन ७६% हुन आउँछ। यसरी लागेको कुल १२२ ठेक्कामा सबैभन्दा बढी भेरी-बबई डाइभर्सन आयोजनाको ९५ वटा ठेक्का लागेको पाइएको छ ।

नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
सिंहदरबार, काठमाडौं

५. शुरु नभएका माइलस्टोनको विवरणः

आर्थिक वर्ष २०७८/७९ मा माइलस्टोन प्रगति प्रविष्टि गर्ने कुल ५८ आयोजनाहरुले जम्मा ८७१ वटा माइलस्टोन सम्पन्न गर्ने लक्ष्य लिएकोमा १७१ माइलस्टोन सुरु नै नभएको देखिन्छ ।

आयोजनाहरुले आर्थिक वर्ष २०७८/७९ मा लिएका माइलस्टोनहरु विभिन्न महिनामा सम्पन्न गर्ने लक्ष्य लिएका थिए र सोही बमोजिम सम्पन्न नभएका माइलस्टोनहरुको आयोजनागत हिसाबले सम्पन्न हुनुपर्ने महिनाका आधारमा देहायबमोजिम तालिका नं. ८ मा वर्गीकरण गरिएको छ ।

तालिका नं. ८: शुरु नभएका माइलस्टोनको विवरण

क्र.सं	आयोजना/कार्यक्रम	सम्पन्न हुनुपर्ने तर शुरु नभएका माइलस्टोनहरुको सम्पन्न हुनुपर्ने महिना												जम्मा
		श्रावण	भाद्र	आश्विन	कार्तिक	मंसिर	पौष	माघ	फाल्गुण	चैत्र	बैशाख	ज्येष्ठ	आषाढ	
१.	अपर अरुण		१			१			१	१	१	२	४	११
२.	उत्तर दक्षिण (कर्णाली) लोकमार्ग													०
३.	उत्तर दक्षिण (कालिगण्डकी कोरिडोर) लोकमार्ग, जोमसोम													०
४.	उत्तर दक्षिण (कोशी) लोकमार्ग						१							१
५.	एकीकृत स्वास्थ्य पूर्वाधार कार्यक्रम													०
६.	औद्योगिक पूर्वाधार विकास आयोजना	४		६	३	२	२	२	१		२	३	४	२९
७.	काठमाण्डौ तराई मधेस द्रुतमार्ग										३	४		७
८.	कृषि अनुसन्धान कार्यक्रम													०
९.	कोभिड नियन्त्रण रोकथाम													०
१०.	क्षेत्रीय व्यापार मार्ग विस्तार												२	२
११.	क्षेत्रीय सहरी विकास कार्यक्रम													०
१२.	गल्छी त्रिशुली मैलुंग स्यफ्रुबेन्शी रसुवागढी सडक आयोजना												१	१
१३.	गौतम बुद्ध अन्तराष्ट्रिय विमानस्थल													०
१४.	जग्गा प्रशासन सुदृढिकरण तथा	१		१						१	१		१	५

नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सिंहदरबार, काठमाडौं

	अनौपचारिक भू-सम्बन्ध व्यवस्थापन													
१५.	जलवायु अनुकुलित वृहत खानेपानी आयोजना													०
१६.	नयाँ सहर विकास आयोजना													०
१७.	नागढुंगा सुरुंगमार्ग निर्माण													०
१८.	निजगढ अन्तरार्ष्ट्रिय विमानस्थल	१			१				१					३
१९.	नेपाल भारत विद्युत प्रशारण आयोजना												३	३
२०.	पशुपति क्षेत्र विकास कोष	१		१								१		३
२१.	पुष्पलाल (मध्य पहाडी) लोकमार्ग													०
२२.	पोखरा क्षेत्रीय अन्तरार्ष्ट्रिय विमानस्थल													०
२३.	प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना			१		१								२
२४.	प्रधानमन्त्री रोजगार कार्यक्रम												२	२
२५.	प्रादेशिक तथा स्थानीय सडक निर्माण तथा सुधार				१	१					१			३
२६.	बबई सिंचाइ आयोजना													०
२७.	बागमती सुधार आयोजना													०
२८.	बिद्यालय क्षेत्र विकास कार्यक्रम –केन्द्र स्तर (क) शिक्षा तथा मानव स्रोत विकास केन्द्र													०
२९.	विशेष कृषि उत्पादन कार्यक्रम													०
३०.	विशेष भवन निर्माण आयोजना						१							१
३१.	बुढीगण्डकी जलविद्युत आयोजना							१	१		१		१	४

नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, काठमाडौं

३२.	भेरी-बबई डाइभर्सन बहुउद्देश्यीय आयोजना												२	२
३३.	मदन भण्डारी राजमार्ग											१		१
३४.	महाकाली सिंचाइ आयोजना										१			१
३५.	मेलम्ची खानेपानी आयोजना				१		१			१	२	१		६
३६.	रणनीतिक सडक पुल निर्माण तथा पुल पुलेसा संरक्षण										१			१
३७.	रानी जमरा कुलरिया सिंचाई आयोजना	१		१									१	३
३८.	राष्ट्रपति चुरे संरक्षण कार्यक्रम													०
३९.	राष्ट्रपति महिला सशक्तिकरण कार्यक्रम (उत्थान कार्यक्रम)	१	१						१				१	४
४०.	राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम							१	१					२
४१.	राष्ट्रिय परिचय-पत्र तथा घटना दर्ता कार्यक्रम													०
४२.	राष्ट्रीय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन	१		५	२									८
४३.	राष्ट्रिय सूचना प्रविधि केन्द्र													०
४४.	रेल, मेट्रोरेल तथा मोनोरेल विकास आयोजना													०
४५.	लुम्बीनी क्षेत्र विकास कोष									१			१	२
४६.	व्यावसायिक शिक्षा तथा तालीम अभिवृद्धि योजना-दोस्रो												१	१
४७.	सघन शहरी विकास कार्यक्रम													०
४८.	समृद्ध तराई मधेश सिचांई विशेष कार्यक्रम													०
४९.	स्थलगत नापी तथा भू-उपयोग व्यवस्थापन कार्यक्रम												१	१

नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
सिंहदरबार, काठमाडौं

५०.	सहकारी क्षेत्र सुदृढिकरण तथा प्रणाली सुधार कार्यक्रम			१	१	३	७	१	३	४		४	९	३३
५१.	समृद्धिका लागि वन कार्यक्रम													०
५२.	सासेक-मुंग्लिंग पोखरा सडक(पश्चिम खण्ड)													०
५३.	सिक्टा सिंचाई आयोजना					२	५					२		९
५४.	सुनकोशी मरिन डाइभर्सन आयोजना			१		३			१			४		९
५५.	स्थानीय तह प्रकाशसकीय भवन पूर्वाधार विकास													०
५६.	स्थानीय सडक पुल निर्माण											१		१
५७.	स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम					१	३	१	१	१	२		१	१०
५८.	स्वास्थ्य बिमा बोर्ड													०
कुल		१०	२	१७	९	१४	२०	६	११	९	१५	२३	३५	१७१

माइलस्टोन प्रगति प्रविष्टि गर्ने आयोजनामध्ये आर्थिक वर्ष २०७८/७९ मा सम्पन्न हुनुपर्ने तर सुरु नै नभएका माइलस्टोनहरुको संख्या जम्मा १७१ वटा रहेको पाइएको छ जसमा सबैभन्दा बढी असार महिनामा ३५ वटा सुरु नभएका देखिन्छन् भने ज्येष्ठ महिनामा २३ वटा माइलस्टोनहरु सुरु नभएको देखिएका छन्। सबैभन्दा कम भाद्र महिनामा २ माइलस्टोन सुरु भएका छैनन् ।

त्यसैगरी आयोजनागत हिसाबले सुरु नभएका माइलस्टोनहरुमा सबैभन्दा बढी सहकारी सुदृढिकरण तथा प्रणाली सुधार कार्यक्रम रहेको छ जसका कुल ३३ वटा माइलस्टोनहरु सुरु नै नभएका देखिन्छन् भने औद्योगिक पूर्वाधार विकास आयोजनाका २९ वटा माइलस्टोन सुरु भएका छैनन् ।

५.१ काम शुरु हुन नसकेका माइलस्टोनको कारणहरु

माइलस्टोन प्रगति प्रविष्टि गर्ने ५८ आयोजनाहरुले आर्थिक वर्ष २०७८/७९ मा ८७१ माइलस्टोन सम्पन्न गर्ने लक्ष्य लिएतापनि विभिन्न कारणहरुले गर्दा १७१ वटा माइलस्टोनहरु सुरु नै नभएका अवस्थामा रहेका छन् । आयोजनाहरुले उल्लेख गरे अनुरुप माइलस्टोन शुरु हुन नसक्नुका कारण देहाय बमोजिम तालिका नं ९ मा देखाइएको छ ।

नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सिंहदरबार, काठमाडौं

तालिका नं ९: माइलस्टोन शुरु हुन नसकेका कारणहरु

क्र. सं	आयोजना	काम सुरु हुन नसकेका कारणहरु																	कुल
		१	२	३	४	५	६	७	८	९	१०	११	१२	१३	१४	१५	१६	१७	
१.	अपर अरुण	१	४	६															११
२.	उत्तर दक्षिण (कर्णाली)																		०
३.	उत्तर दक्षिण (कालिगण्डकी कोरिडोर) लोकमार्ग, जोमसोम																		०
४.	उत्तर दक्षिण (कोशी) लोकमार्ग				१														१
५.	एकीकृत स्वास्थ्य पूर्वाधार विकास कार्यक्रम																		०
६.	औद्योगिक पूर्वाधार विकास आयोजना						१		१			१	५					२१	२९
७.	काठमाण्डौ तराई मधेस द्रुतमार्ग				५													२	७
८.	कृषि अनुसन्धान कार्यक्रम																		०
९.	कोभिड नियन्त्रण रोकथाम																		०
१०.	क्षेत्रीय व्यापर मार्ग विस्तार																	२	२
११.	क्षेत्रीय सहरी विकास कार्यक्रम																		०
१२.	गल्छी त्रिशुली मैलुंग स्यफ्रुबेन्शी रसुवागढी सडक आयोजना					१													१
१३.	गौतम बुद्ध अन्तराष्ट्रिय विमानस्थल																		०
१४.	जग्था प्रशासन सुदृढिकरण तथा अनौपचारिक भू-सम्बन्ध व्यवस्थापन							१				१			१			२	५
१५.	जलवायु अनुकुलित वृहत खानेपानी																		०
१६.	नयाँ सहर विकास आयोजना																		०
१७.	नागढुंगा सुरुंगमार्ग निर्माण																		०

नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषदको सिंहदरबार, काठमाडौं

१८.	निजगढ अन्तर्राष्ट्रिय विमानस्थल	१					१											१	३
१९.	नेपाल भारत विद्युत प्रशारण आयोजना					२	१												३
२०.	पशुपति क्षेत्र विकास कोष												२					१	३
२१.	पुष्पकाल लोकमार्ग																		०
२२.	पोखरा क्षेत्रीय अन्तराष्ट्रीय विमानस्थल																		०
२३.	प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना		१												१				२
२४.	प्रधानमन्त्री रोजगार कार्यक्रम	१														१			२
२५.	प्रादेशिक तथा स्थानीय सडक निर्माण तथा सुधार	३																	३
२६.	बबई सिंचाइ आयोजना																		०
२७.	बागमती सुधार आयोजना																		०
२८.	विद्यालय क्षेत्र विकास कार्यक्रम - केन्द्र स्तर (क) शिक्षा तथा मानव स्रोत विकास केन्द्र																		०
२९.	विशेष कृषि उत्पादन कार्यक्रम																		०
३०.	विशेष भवन निर्माण आयोजना			१															१
३१.	बुढीगण्डकी जलविद्युत आयोजना	१				१			१		१								४
३२.	भेरी-बबई डाइभर्सन बहुउद्देश्यीय आयोजना				१							१							२
३३.	मदन भण्डारी राजमार्ग						१												१
३४.	महाकाली सिंचाइ आयोजना																१		१
३५.	मेलम्ची खानेपानी आयोजना					३												३	६
३६.	रणनीतिक सडक पुल निर्माण तथा पुल पुलेसा संरक्षण																	१	१

नेपाल सरकार मन्त्रिपरिषद्
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
सिंहदरबार, काठमाडौं

३७.	रानी जमरा कुलरिया सिंचाई आयोजना									१								२	३
३८.	राष्ट्रपति चुरे संरक्षण कार्यक्रम																		०
३९.	राष्ट्रपति महिला सशक्तिकरण कार्यक्रम (उत्थान कार्यक्रम)														१			३	४
४०.	राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम																	२	२
४१.	राष्ट्रिय परिचयपत्र तथा घटना दर्ता कार्यक्रम - राष्ट्रिय परिचय पत्र																		०
४२.	राष्ट्रिय विपद जोखिम न्यूनीकरण तथा व्यवस्थापन							१		३			१					३	८
४३.	राष्ट्रिय सूचना प्रबिधि केन्द्र																		०
४४.	रेल, मेट्रोरेल तथा मोनोरेल विकास आयोजना																		०
४५.	लुम्बीनी क्षेत्र विकास कोष	२																	२
४६.	व्यावसायिक शिक्षा तथा तालीम अभिवृद्धि योजना-दोस्रो	१																	१
४७.	सघन सहरी विकास कार्यक्रम																		०
४८.	समृद्ध तराई मधेस सिंचाइ कार्यक्रम																		०
४९.	समृद्धिका लागि बन कार्यक्रम																		०
५०.	सहकारी क्षेत्र सुदृढिकरण												१					३२	३३
५१.	सासेक-मुंग्लिंग पोखरा सडक																		०
५२.	सिक्टा सिंचाई आयोजना				३								५	१					९
५३.	सुनकोशी मरिन डाइभर्सन आयोजना				९														९
५४.	स्थलगत नापी तथा भू-उपयोग																	१	१

	व्यवस्थापन कार्यक्रम																		
५५.	स्थानीय तह प्रशासकीय भवन निर्माण																		०
५६.	स्थानीय सडक पुल निर्माण																	१	१
५७.	स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम	१				१			१			१	३	१		२			१०
५८.	स्वास्थ्य बिमा बोर्ड																		०
कुल		११	५	७	१९	८	४	१	४	१	४	४	१६	३	३	३	१	७७	१७१

१.बजेट व्यवस्थापन/स्रोत सुनिश्चितता नभएको २.सूचना प्रकाशनमा ढिलाई ३.सम्झौता हुन नसकेको/सम्झौता रद्द ४.खरिद प्रक्रियामा ढिलाई ५.पूर्वतयारी पूरा नभएको ६.राय/सहमति प्राप्त नभएको ७.स्थानीय निर्वाचन ८.नीति निर्माण भइनसकेको ९.EIA स्वीकृत नभएको १०.जनशक्ति अभाव ११.जग्गा प्राप्तिमा समस्या १२.अध्ययन/सर्वेक्षण पूरा नभएको १३.ठेक्का सम्झौता बाँकी १४.समन्वय अभाव १५.निर्णय हुन बाँकी १६.स्थानीय अवरोध १७.कारण नखुलेको

यस कार्यालयको तर्फबाट आयोजनाहरुलाई एकीकृत अनुगमन प्रणालीमा पूर्ण आवद्ध गरी प्रभावकारी रुपमा डेस्क मोनिटरिङ्ग कार्यान्वयन गर्ने गराउने सन्दर्भमा तोकिएको ढाँचामा कतिपय आयोजनाहरुले समष्टीगत प्रगति, मासिक प्रगति, ठेक्का सम्झौता, आइपरेका समस्या लगायतका विवरण नियमित रुपमा प्रविष्टि नगरेको पाइयो। माइलस्टोन प्रगति प्रविष्टि गर्ने ५८ आयोजनाका सुरु हुन नसकेका १७१ माइलस्टोनमध्ये ७७ माइलस्टोन सुरु हुन नसकेको कारण नै खुलेको छैन।

माइलस्टोनको काम सुरु हुन नसक्नुमा सबैभन्दा महत्त्वपुर्ण कारण खरिद प्रक्रियाको ढिलाइ देखिएको छ। अध्ययन/सर्वेक्षण पूरा नहुनु, बजेट व्यवस्थापन/स्रोत सुनिश्चितताको अभाव, पूर्वतयारी पूरा नभएको जस्ता कारणले पनि माइलस्टोनहरु सुरु हुन नसकेको देखिन्छ। आयोजना सञ्चालनमा कोभिड-१९ को असर, निर्माण सामग्रीको अभाव, कानूनी जटिलता जस्ता समस्या अधिक रुपमा पाइयो भने आयोजना सञ्चालन पूर्व गरिनुपर्ने आ.इ.इ/ई.आइ.ए स्वीकृति कार्य वन तथा वातावरण मन्त्रालयबाट समयमा हुन नसकेको, आयोजनाहरुमा आवश्यक जनशक्तिको अपर्याप्तता, निर्माण व्यवसायीको कमजोर कार्यसम्पादन तथा व्यवस्थापन, जग्गा प्राप्तिमा समस्या निर्माण सामग्री अभाव, मूल्य वृद्धि, नेतृत्व परिवर्तन जस्ता समस्या ले आयोजनाको कार्यसम्पादनमा असर पारेको छ।

६. निष्कर्ष तथा सुझावः

अनुगमनका लागि छानिएका ६३ आयोजनाहरुमा ६० आयोजनाहरुले कार्ययोजना प्रविष्टि गरेता पनि ३९ आयोजनाहरुले मात्र वार्षिक भौतिक र वित्तिय प्रगति राख्नु र बाँकी आयोजनाहरुले भौतिक र वित्तिय प्रगति रिपोर्टिङ नै नगर्नु सन्तोषजनक देखिदैन । त्यसैगरी माइलस्टोन र क्रियाकलाप प्रगति प्रविष्टि गर्ने ५८ आयोजनाहरुका ४१५ क्रियाकलाप मध्ये १३६ क्रियाकलाप मात्र सम्पन्न हुनु र ८७१ माइलस्टोन मध्ये ३४१ माइलस्टोन मात्र सम्पन्न हुनुले आयोजनाहरुको प्रगति उत्साहजनक देखिदैन । भौतिक प्रगति प्रविष्टि गर्ने आयोजनाहरुमध्ये पनि १८ आयोजनाहरुको वार्षिक प्रगति ८० भन्दा कम रहेकाले, सो स्थितिलाई हेर्दा ती आयोजनाहरुले गरेको वार्षिक प्रगति, कूल प्रगति सम्पन्न गर्न पर्याप्त नभएको देखिन्छ।

वार्षिक रुपमा लाग्नुपर्ने ठेक्का मध्ये ७६% ठेक्का लाग्नुले केही सकारात्मकता देखिए पनि सम्पूर्ण ठेक्का नलाग्नुले कतिपय आयोजनाहरुको कार्य नै अगाडि बढ्न नसकेको देखिन्छ।

कार्ययोजना प्रविष्टिमा उत्सुकता नदेखाउनु, आयोजनाको मासिक प्रगति प्रतिवेदन प्रविष्टि गर्ने कामलाई आफ्नो महत्वपूर्ण जिम्मेवारी नठान्नु, आयोजना प्रमुखको बारम्बार हुने परिवर्तनले आयोजनाप्रति अपनत्व पैदा हुन नसक्नु, आयोजना समयमै समापन हुन नदिन विभिन्न वर्गको आ-आफ्नो स्वार्थ बाझिनु, सरोकार निकायबीच समन्वय, सहकार्यको अभाव हुनु, विभिन्न प्रकारका प्राकृतिक प्रकोपको असर गर्नु, आयोजना कार्यान्वयनमा ढिलाई गर्नेसम्बद्ध पक्षलाई समयमै दण्डित नगर्नु, स्थानीयवासीको विरोध हुनु जस्ता कारणले आयोजना समयमै सम्पन्न हुन नसकेको देखिन्छ।

तोकिएको ढाँचामा समयमै प्रगति प्रविष्टि हुने वातावरण बनाउने र कार्ययोजना अनुसार क्रियाकलाप सम्पन्न गर्न सम्बन्धित आयोजना प्रमुखबाटै थप तदारुकता एवं सक्रियताको खाँचो रहेको देखिन्छ। आयोजना सम्पन्न नहुन्जेल आयोजना प्रमुखको सरुवा नगर्ने, आयोजना बैंङ्कमा रहेका आयोजनामात्र छनौट गर्ने, जग्गा प्राप्ती, EIA, IEE सम्पन्न भएका महत्त्वपूर्ण आयोजनालाई मात्र छनौट गर्ने, स्रोतको सुनिश्चितता गर्ने, समयमै सम्पन्न नगर्ने आयोजनालाई दण्डित गर्ने, सम्बन्धित निकायवीच समन्वय, सहकार्य बढाउने, प्रक्रियामुखी हाम्रा ऐन, कानूनलाई व्यवहारिक बनाउने, निर्माण व्यवसायीको कार्यसम्पादन हेरी सिमित आयोजना मात्र दिने व्यवस्था गर्ने, छनौट भएका सबै आयोजनामा Surveillance System जडान गरी समय समयमा अनुगमन गर्ने र आयोजनाको कार्यान्वयनमा बाधा पुगेको देखिए तत्काल त्यसको सम्बोधन गर्ने गरेमा आयोजना समयमै सम्पन्न गर्न सहयोग पुग्छ ।

अन्त्यमा, आयोजना शुरु वा कार्य सञ्चालनका क्रममा देखा परेका समस्याहरु सामाधन गर्न सर्वप्रथम मन्त्रालयाटै प्रयास गर्ने, सम्भव नभएमा तत्काल समस्या समाधान केन्द्रमा पठाउने र प्राप्त समस्या समाधान गर्न यस कार्यालयले तत्काल सहजीकरण गरेमा आयोजनाहरूले अपेक्षित नतिजा हासिल गर्न सक्नेमा विश्वस्त हुन सकिन्छ।

धन्यवाद।